# मानव अधिकार-पत्र
# Human Rights Newsletter

राष्ट्रिय मानव अधिकार आयोग

वर्ष १, अङ्क १ | राष्ट्रिय मानव अधिकार आयोगको द्वैमासिक बुलेटिन | २०७३ साउन-भदौ


## सिफारिसहरूको कार्यान्वयन र पीडितको अवस्थासम्बन्धी अध्ययन प्रतिवेदन लोकार्पण




**ललितपुर**/राष्ट्रिय मानव अधिकार आयोगद्वारा आयोगमा प्राप्त भएका गम्भीर प्रकारका मानव अधिकार उल्लंघन र ज्यादतिका घटनाहरूको अनुसन्धान गरी **"आयोगका केही सिफारिसहरूको कार्यान्वयन र पीडितको अवस्थासम्बन्धी अध्ययन प्रतिवेदन"** आयोगका माननीय अध्यक्ष अनूप राज शर्माले लोकार्पण गर्नुभएको थियो । लोकार्पण कार्यक्रममा बोल्दै उहाँले पीडकलाई कानुनबमोजिम कारबाही तथा पीडित परिवारलाई योग्यताअनुसारको रोजगार, बालबालिकालाई निःशुल्क शिक्षा र स्वास्थ्यको व्यवस्था हुनुपर्ने बताउनुभएको थियो ।

अध्ययन प्रतिवेदन सम्बन्धमा आयोगका माननीय सदस्य प्रकाश वस्तीले बिस्तृत रूपमा प्रकाश पार्नुभएको थियो । उहाँले पीडितको घरघरमा पुगेर उनीहरूको अवस्थाको बारेमा जानकारी लिएको, राहत रकम पाए-नपाएको, राहतको सदुपयोग भए-नभएको तथा पीडित परिवारका बालबालिकाहरूले शिक्षा पाए-नपाएको लगायतका विषयमा सत्यतथ्य जानकारी लिएर यो अध्ययन प्रतिवेदन तयार पारेको उल्लेख गर्नुभयो । राष्ट्रिय मानव अधिकार आयोगले कार्यान्वयनको लागि सरकारलाई हालसम्म जम्मा ७३८ वटा सिफारिसहरू गरेको जसमध्ये ७८ वटा घटनाका दोषी पहिचान गरी कारबाहीको लागि सिफारिस गरेकोमा कार्यान्वयनक नहुनु दुःखद् पक्ष भएको उहाँको भनाइ



थियो । कार्यक्रममा आयोगका माननीय सदस्यहरू, कर्मचारी, द्वन्द्वपीडित परिवारका सदस्यहरू, विभिन्न सरकारी तथा गैरसरकारी निकायका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

---

## विद्यालय बन्द हुनु दुखद्ः

विश्वव्यापी आवधिक समीक्षा २०१५ मा नेपालको बालअधिकार सम्बन्धमा नेपाल सरकारलाई प्राप्त सुझावहरू तथा संयुक्त राष्ट्रसंघीय बालअधिकार समितिले दिएका सुझावहरूको प्रभावकारी कार्यान्वयनको लागि नेपाल सरकारलाई उत्तरदायी बनाउने उद्देश्यले सरोकारवालाहरूको बिचमा छलफल कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा प्रमुख अतिथि आयोगका माननीय सदस्य तथा प्रवक्ता मोहना अन्सारीले बालबालिकाको शिक्षामा चुनौती रहेको, तराई आन्दोलनको समयमा ८ महिनामा जम्मा ६ दिनमात्र विद्यालय खुल्नु, अधिकाँशं समय विद्यालय बन्द हुनु र शैक्षिक क्षेत्रसमेत दलहरूको नियन्त्रणमा रहनु दुखद् भएको उल्लेख गर्नुभयो ।

छलफल कार्यक्रममा सहभागी/सरोकारवालाहरूले युपीआर र बाल अधिकार समितिले दिएका सुझावहरू कार्यान्वयनतर्फ ध्यान दिनुपर्नेमा जोड दिनुभएको थियो । कार्यक्रम सिजपको आयोजनामा सम्पन्न भएको थियो ।



# बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका कर्मचारीलाई तालिम

**ललितपुर**/बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका कर्मचारीको अनुसन्धान क्षमता विकास गर्ने उदेश्यले राष्ट्रिय मानव अधिकार आयोगको सहकार्यमा तालिम सम्पन्न भएको छ। तालिमको उदघाटन सत्रमा बोल्दै राष्ट्रिय मानव अधिकार आयोगका सदस्य गोविन्द शर्मा पौडयालले सशस्त्र द्वन्द्वको अवधिमा बलपूर्वक बेपत्ता परिएका व्यक्तिहरूको छानबिनको कार्य संवेदनशील भएकाले पीडित केन्द्रित भएर वेपत्ता परिएका व्यक्तिको छानबिन आयोगले काम गर्नुपर्ने बताउनुभयो । सत्यको खोजी र पीडीतलाई न्याय दिने सन्दर्भमा बेपत्ता परिएका व्यक्तिको छानबिन आयोगलाई राष्ट्रिय मानव अधिकार आयोगले सहयोग गर्नुपर्नेमा उहाँको जोड थियो ।







सो कार्यक्रममा बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका अध्यक्ष लोकेन्द्र मल्लिकले आयोग मानव अधिकारका मूल्यमान्यताबमोजिम पीडितमुखी भएर सत्यको खोजी गर्न सक्रिय रहेको र आयोग असफल भएमा शान्ति प्रकृयासमेत असफल हुनेहुँदा सबै सचेत रहनुपर्ने उहाँको भनाइ थियो । दुई दिने सो तालिममा ३५ जनाको सहभागिता रहेको थियो । तालिममा बेपत्ता पारिएका व्यक्तिहरूको छानबिनसम्बन्धी सैद्धान्तिक अवधारणा, राष्ट्रिय मानव अधिकार आयोगको अनुभव र फरेन्सिक परीक्षण लगायतका विषयमा छलफल भएको थियो ।

# सन्दर्भः बेपत्ताविरुद्धको अन्तर्राष्ट्रिय दिवस

बेपत्ताविरुद्धको अन्तर्राष्ट्रिय दिनको सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोग केन्द्रीय कार्यालयले तत्कालीन नेकपा (माओवादी)-द्वारा घोषित सशस्त्र द्वन्द्वको क्रममा सुरक्षा निकाय तथा द्वन्द्वरत पक्षबाट बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको खोजबिन तथा स्थिति सार्वजनिक गर्नको लागि प्रेस विज्ञप्तिमार्फत ध्यानाकर्षण गराएको थियो। आयोगमा विभिन्न समयमा उजुरीहरू परेको र खोजबिनको क्रममा आवश्यकताअनुसार आयोगले शवोत्खनन् कार्यसमेत गरी स्थिति सार्वजनिक गर्दै आएको छ । बेपत्ता पारिएका भनी आयोगमा पर्न आएका उजुरीहरूमध्ये ८४२ जनाको अवस्था हालसम्म पनि अज्ञात रहेको छ । बिस्तृत शान्ति सम्झौता भएको १० वर्ष हुन लाग्दा पनि बेपत्ता व्यक्तिहरूको खोजबिन गरी स्थिति सार्वजनिक नगरिनु दुःखद् पक्ष भएको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

**धनगढी**/सन् २०१६ को बेपत्ताविरुद्धको अन्तर्राष्ट्रिय दिवस (३० अगस्ट) राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय धनगढीको संयोजनमा नेपाल रेडक्रस कैलाली शाखा, स्थानीय शान्ति समिति कैलाली, द्वन्द्वपीडित साझा चौतारी, इन्सेक तथा आइओएमसमेतको सहभागितामा बृहत अन्तर संवाद कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा बेपत्ता पारिएका नागरिकहरूको सम्झनामा दीप-प्रज्वलन गर्दै उक्त दिनको स्मरण गरिएको थियो । बेपत्तापारिएका नागरिकहरूको अवस्था र सरोकारवालाको भूमिका विषयक अन्तरसंवाद कार्यक्रम राष्ट्रिय मानव अधिकार आयोगका नि. निर्देशक मोहनदेव जोशीको अध्यक्षता र कैलालीको प्रमुख जिल्ला अधिकारी गोविन्द रिजालको प्रमुख आतिथ्यतामा भएको भएको थियो ।



कार्यक्रममा आयोगका नि. निर्देशक जोशीले कार्यपत्र प्रस्तुत गर्दै बेपत्ताको दिनको सुरुवात, बेपत्तासम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय कानूनी प्रावधान, नेपालको संविधान तथा विभिन्न ऐनका प्रावधान, सम्मानित सर्वोच्च अदालतको बेपत्ता नागरिकका सन्दर्भमा भएको फैसला सम्बन्धमा चर्चा गर्नुभएको थियो । कार्यक्रममा बेपत्ता परिवार कैलाली संयोजक कृष्ण कुमारी चौधरी र कञ्चनपुर संयोजक धर्म चौधरीले बेपत्ता परिवारको हालको अवस्थाबारे जानकारी गराउन र बेपत्ताहरूको लाश वा सास दिन सरकारसँग माग गर्नुभएको थियो । अहिले बेपत्ता पीडित परिवार ठूलो सङ्कटमा रहेको हुँदा क्षतिपूर्ति/परिपूरणको व्यवस्था गरिनुपर्नेमा उहाँको जोड थियो । कैलालीका प्रमुख जिल्ला अधिकारी गोविन्द रिजालले बेपत्ता नागरिकको खोजबिनको लागि राज्य केही समययता क्रियाशील रहेको र स्थानीय प्रशासनको तर्फबाट खेल्नुपर्ने भूमिकाको लागि सधैं तयार रही आवश्यक सहयोग र समन्वय गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा सहभागिहरूले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्यनिरुपण तथा मेलमिलाप आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७१ को मुख्य-मुख्य व्यवस्था र तत्सम्बन्धमा सर्वोच्च अदलताबाट भएको व्याख्या, बेपत्ता आयोगमा रहेको उजुरीको अवस्था, आयोगको भूमिका, बेपत्ता नागरिक तथा तिनका परिवारमाथिको परेको प्रभाव, बेपत्ता नागरिकका सम्बन्धमा सरोकारवालाको भूमिका लगायतका विषय उठाएका थिए । कार्यक्रममा बेपत्ता तथा द्वन्द्वपीडित परिवारका सदस्यहरू, सरोकारवाला पत्रकारसहित ६० जनाको सहभागिता रहेको थियो । साँझ ७ बजे धनगढीको पार्क मोडमा बेपत्ता नागरिकहरूको सम्झनामा आयोगसहित विभिन्न सङ्घसस्था, बेपत्ता पीडित परिवार, सञ्चारकर्मी तथा सर्वसाधारणले दीप-प्रज्वलन गरेका थिए ।

# अनुगमनः सीमाक्षेत्रमा मानव अधिकार अवस्था



राष्ट्रिय मानव अधिकार आयोगले हालै दक्षिणी सीमा क्षेत्रमा बसोबास गर्ने नेपाली नागरिकहरूको मानव अधिकार अवस्थाको अनुगमन गरेको थियो । आयोगका माननीय सदस्य मोहना अन्सारी र गोविन्द शर्मा पौड्यालसहितको टोलीले नवलपरासी, रुपेन्देही, कपिलवस्तु र दाङ जिल्लामा अनुगमन पश्चात् सो क्षेत्रको मानव अधिकार संरक्षण गर्न आयोगले नेपाल सरकार लगायत सबै पक्षसँग आग्रह गर्दै प्रेस-विज्ञप्ति जारी गरेको छ । प्रेस-विज्ञप्तिको पूर्ण पाठको लागि http://www.nhrcnepal.org/nhrc_activities_details-182.html हेर्नुहोला ।

## खोटाङ कारागारको अनुगमन



**खोटाङ**/राष्ट्रिय मानव अधिकार आयोग उपक्षेत्रीय कार्यालय खोटाङका कार्यालय खोटाङले २०७३ साउन १९ गते जिल्ला कारागार खोटाङको अनुगमन गरेको छ । साउन १६ गते आएको अविरल वर्षाका कारण जिल्ला कारागार खोटाङका कैदीबन्दीहरू बस्ने भवनको कम्पाउण्ड तथा जगसमेत पहिरोले बगाएपश्चात् सिर्जित अवस्था र कारागारका कैदीबन्दीहरूको मानव अधिकार स्थितिबारेमा जानकारी लिई आवश्यक कारबाही अगाडि बढाउने उद्देश्यअनुरूप आयोगले अनुगमन गरेको हो । अनुगमनको क्रममा आयोगले जिल्ला कारागार खोटाङका प्रमुख, कारागारका सुरक्षा प्रमुख र कैदीबन्दीसँग भेटघाट गरी जानकारी लिएको थियो । अनुगमन टोलीसमक्ष कैदीबन्दीले सुरक्षित रूपमा बस्न पाउने अधिकारको सुनिश्चतताका लागि पहल गर्न तथा कारागारमा प्राप्त चामल खाँदा अमिलो हुने तथा खाइसकेपछि पेट दुख्ने समस्या रहेकाले सो समस्या समाधानका लागि पहल गर्न अनुरोध गरेका थिए । खोटाङ कारागारका कैदीबन्दीलाई सुरक्षित स्थानमा सार्न राष्ट्रिय मानव अधिकार आयोगले गृह मन्त्रालयलाई पत्राचार गरेको छ ।




अनुगमनमा कार्यालय प्रमुख दिपक घिमिरे, मानव अधिकार अधिकृतद्वय अम्बिका घिमिरे, सुमित्रा राई र मा.अ.सहायक लोकनाथ घिमिरेको सहभागिता रहेको थियो ।

## मानव अधिकारसम्बन्धी राष्ट्रिय जाँचबुझ (National Inquiry) तालिम सम्पन्न




राष्ट्रिय मानव अधिकार आयोग नेपाल र राष्ट्रिय मानव अधिकार संस्थाहरूको एसिया प्रशान्त मञ्च (The Asia Pacific Forum of National Human Rights Institutions) एसिया प्यासिफिक फोरम (एपीएफ) को संयुक्त आयोजनामा यही भदौ १३ गतेदेखि सञ्चालन भएको मानव अधिकारसम्बन्धी राष्ट्रिय जाँचबुझ मार्गनिर्देशिका २०७३ सम्बन्धी तीन दिने तालिम भदौ १५ गते समापन भएको छ ।

तालिमको उद्घाटन-शत्रमा शुभकामना व्यक्त गर्दै आयोगका माननीय अध्यक्ष अनूप राज शर्माले तालिममा सहभागीहरूले व्यवहारिक तथा सैद्धान्तिक ज्ञान हासिल गरी आगामी दिनमा व्यवहारिक रूपमा मानव अधिकार संरक्षण र सम्बर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याउनुपर्ने धारणा राख्नुभयो । आयोगले मानव अधिकारका सबै विषयहरूमा सार्वजनिक सुनुवाइ गर्न सक्ने उहाँको भनाइ भयो ।

कार्यक्रममा आयोगका सचिव वेदप्रसाद भट्टराईले सरोकारवालाहरूको समन्वय र सहभागितामा गम्भीर मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई सम्बोधन गरी देशको समग्र मानव अधिकारको अवस्थामा सुधार गर्नु तालिमको उद्देश्य रहेको बताउनुभयो । उहाँले मानव अधिकार उल्लङ्घनका घटनाहरूको सत्यतथ्य पत्ता लगाउने, घटनाको कारण र निराकरणका उपायहरू पत्ता लगाउने तथा सामूहिक रूपमा सम्बोधन गर्नको लागि आयोगले समिति गठन गर्न सक्ने व्यवस्था रहेको बताउनुभयो । आयोगद्वारा गत महिना जारी गरिएको सो मार्गनिर्देशिका, २०७३ को उद्देश्य पूरा गर्न तालिम प्रभावकारी हुने उहाँको भनाइ थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै राष्ट्रिय मानव अधिकार आयोग अष्ट्रेलियाका पूर्व सदस्य क्रिस सिदोतीले एसिया प्यासिफिक फोरमको महत्वपूर्ण विषय महिला र बालबालिकाको अधिकार रहेको तर राष्ट्रिय जाँचबुझको विषय मानव अधिकार उल्लङ्घनको सत्यतथ्य अनुसन्धानसँगसँगै समग्र मानव अधिकारको सम्बन्धमा समुदाय तथा सरोकारवालाहरूलाई अवगत गराउन पनि महत्त्पूर्ण प्रक्रियाको रूपमा रहने बताउनुभयो ।

तालिम कार्यक्रमको समापनको सन्दर्भमा आयोगका मा. सदस्य मोहना अन्सारीले राष्ट्रिय जाँचबुझको माध्यमबाट खुला एवं पारदर्शी ढङ्गले एकै स्थानमा बसी मुलुकमा रहेका मानव अधिकारसम्बन्धी जटिल संरचनागत समस्याहरूको उजागर गर्ने, पीडितको न्यायमा पहुँचको लागि राज्यको जवाफदेहितालाई थप प्रभावकारी बनाउन सहयोग मिल्ने बताउनुभयो । तीन दिनसम्म चलेको राष्ट्रिय तालिमलाई श्री क्रिस सिदोतीले सहजीकरण गर्नुभएको थियो ।

# मानव बेचबिखन तथा ओसारपसारविरुद्धको दिवस




**काठमाडौं**/राष्ट्रिय मानव अधिकार आयोगको मानव बेचविखनविरुद्धको विशेष समाधिक्षक कार्यालय र मूल समारोह समितिको अयोजनामा *मानव बेचविखन तथा ओसारपसार विरुद्धको दशौं राष्ट्रिय दिवस* मनाइयो । सो अवसरमा "एउटै लक्ष्य एउटै सार, मानव बेचविखनको अन्त्य हाम्रो साझा सरोकार" भन्ने मूल नाराका साथ प्रभातफेरि कार्यक्रम गरिएको थियो । कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारीहरु, नेपाल प्रहरी, सशस्त्र प्रहरीका अतिरिक्त महानिरिक्षकहरु, व्यवस्थापिका-संसद्का जेष्ठ नागरिक, महिला बालबालिका तथा समाज कल्याण समितिका सभापति, राष्ट्रिय महिला अयोगका कार्यबाहक अध्यक्ष, माइती नेपालका अध्यक्ष लगायतको सहभागिता रहेको थियो । भदौ २० गते बिहान ७:०० बजे भृकुटी मण्डपबाट प्रभातफेरि सुरु भई सहिदगेट रत्नपार्क, जमल, घण्टाघर हुँदै प्रज्ञा प्रतिष्ठान कमलादीमा र्‍याली बिसर्जन भएको थियो । तत्पश्चात् सर्वोच्च अदालतका सम्माननीय प्रधान न्यायधीशज्यूको प्रमुख आतिथ्यतामा औपचारीक कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा आयोगका तर्फबाट माननीय सदस्य मोहना अन्सारीले विशेष अतिथिको रूपमा सहभागिता जनाउनुभएको थियो ।

**सन्दर्भः राष्ट्रिय बाल अधिकार दिवस, २०७३**

# बाल अधिकारको क्षेत्रमा आयोगबाट भएका प्रमुख कार्यहरू

**१४ सेप्टेम्बर १९९०** मा बाल अधिकारसम्बन्धी अन्तराष्ट्रिय महासन्धिको अनुमोदन गरेपछि नेपालले अन्तरराष्ट्रिय जगतसँग बाल अधिकारप्रति आधिकारिक प्रतिबद्धता जनाएको हो । उक्त प्रतिवद्धता कार्यान्वयनका क्रममा बालबालिकासम्बन्धी ऐन, २०४८ (बालबालिका ऐन) को निर्माण भई मिति २०५०।१।१ देखि लागू भई हाल संशोधन अवस्थामा छ । बालबालिकाको हकहितको संरक्षण गरी तिनीहरुको शारीरिक मानसिक र बौद्धिक विकास गर्न समयानुकूल कानुनी व्यवस्था गर्ने उद्देश्यले बनेको यस ऐनले बालबालिकाको हक-अधिकारको संरक्षणका लागि विभिन्न व्यवस्थाहरू गरेको छ । यी व्यवस्थाहरूले बालबालिकालाई उनीहरूका विभिन्न अधिकारको सुनिश्चिता गर्नुको साथै संरक्षण प्रदान गरेको छ । यस ऐनको उद्देश्य कार्यान्वयन लगायत बालबालिकाको हकहितमा काम गर्नका लागि यस ऐन लगायतका कानुनले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले बालबालिकासम्बन्धी नियमावली, २०५१, बालबालिका (विकास तथा पुनर्स्थापना) कोष नियमावली, २०५३ तथा बाल न्याय (कार्यविधि) नियमावली, २०६३ तथा बाल नीति २०६९ जारी गरेको छ ।

यसै गरी बाल अधिकार महासन्धिको optional protocol 1/2 पनि नेपालले अनुमोदन गरी संयुक्त राष्ट्रसंघको बाल अधिकार समितिमा आवधिक प्रतिवेदनहरुसमेत बुझाईरहेको छ । बाल अधिकार संरक्षण र सम्बर्द्धनको जिम्मेवारी पाएको आयोगले बाल अधिकार संरक्षण तथा सम्बर्द्धनको क्षेत्रमा देहाय बमोजिमको कार्य गरेको छ :

- मिति २०७२ भदौ ३१ गते राष्ट्रिय मानव अधिकार आयोग र सिजपको सहकार्यमा संविधानको पहिलो मस्यौदामा बालबालिकाका विषय समावेश
- विभिन्न राजनीतिक दल तथा सङ्घसङ्गठनले आयोजना गरेको राजनीतिक क्रियाकलापमा राजनीतिक उद्देश्यपूर्तिका लागि बालबालिकाको व्यापक प्रयोगलाई निरुत्साहित गर्ने उद्देश्यले राजनीतिक दल, गैरसरकारी संस्थाहरू, प्याब्सन, एनप्याब्सन, अभिभावक संघ, विद्यालय व्यवस्थापन समिति लगायतसँग एक दिवसीय कार्याशाला गोष्ठी सञ्चालन
- मिति २०७२/३/६ गते देशमा आएको विनाशकारी भूकम्पपछि केही दिन यता विभिन्न जिल्लाबाट महिला र बालबालिका ओसारपसार भएको भन्ने समाचार र महिला बालबालिकामाथि विभिन्न किसिमका लैङ्गिक हिंसा भएको भन्ने घटनाप्रति आयोगले चासो व्यक्त गरी आयोगका मा. अध्यक्ष अनूप राज शर्माले नेपाल सरकारअर्न्तगतका सरोकारवाला निकायका प्रतिनिधिहरूलाई बालबालिका र महिलाको सुरक्षा, संरक्षण र निगरानीमा विशेष ध्यान पुर्‍याउन निर्देशन
- मिति २०७२/४/१७ गते तन्त्रमन्त्रको नाममा नवलपरासीको कुडिया वडा नं. ४ मर्चहवाका शिवमङ्गल कोहारका १० वर्षीय छोरा सोनु भनिने जीवन कोहारको घाँटी रेटी क्रूर, अमानवीय तवरले हत्या गरिएको घटनाप्रति आयोगको ध्यानाकर्षण
- अपराधमा संलग्न व्यक्तिहरूलाई कानुनबमोजिम अधिकत्तम सजाय र मृतकका परिवालाई तत्काल राहत र क्षतिपुर्तिस्वरूप उचित रकम उपलब्ध गराउन आयोगले सरकारलाई आग्रह
- मिति २०७२/४/१३ गते संविधानको मस्यौदामाथि सर्वसाधारणको रायसुझाव लिने क्रममा प्रदर्शनकारी र प्रहरीवीच धनुषाको जनकपुरमा भएको दोहोरा झडपमा १४ वर्षीय बालक दिनेशकुमार साहमाथि प्रहरीबाट भएको भनिएको आक्रमणको छानबिन गरी दोषीमाथि कारबाही गर्न माग
- मिति २०७२/४/३१ संघीय प्रदेशको सीमाङ्कनको विषयलाई लिएर जुम्ला लगायत विभिन्न जिल्लामा भएको बन्दहड्तालमा बालबालिकाको प्रयोग गरिएको घटनाप्रति आयोगको ध्यानाकर्षण
- कलिला बालबालिकालाई अर्धनग्न अवस्थामा सडकमा उतारेर बन्द, हड्तालमा सहभागी गराउनु बाल अधिकारसम्बन्धी महासन्धि तथा बालबालिकासम्बन्धी ऐन, २०४८ विपरीत कार्य भएकाले त्यस्तो कार्य नगराउन आयोगले बन्दकर्ताहरूलाई आग्रह
- मिति २०७२/५/३१ गते रुपन्देही जिल्लाको बेथरीमा भदौ २९ गते सुरक्षाकर्मी र आन्दोलनरत पक्षवीच गोली चल्दा चार वर्षीय चन्दनकुमार पटेल र १३ वर्षीया रन्जना क्षेत्रीसहित दुई जना बालबालिका तथा विनोदकुमार लाकौल र राजकुमार बरहीसमेतको मृत्यु भएको घटनाको सत्य तथ्य छानबिन गरी दोषीलाई कानुनबमोजिम कारबाही गर्न माग
- मृतकका परिवारलाई उचित राहत तथा क्षतिपुर्ति प्रदान गर्न, घटनामा घाइते भएका सर्वसाधारण तथा प्रहरीहरूको निःशुल्क प्रभावकारी उपचारको व्यवस्था मिलाउन साथै आन्दोलनकारीहरूलाई आन्दोलनका सबै कार्यक्रमहरू शान्तिपूर्ण सञ्चालन गर्न आयोगले नेपाल सरकारलाई आग्रह
- मिति २०७२/८/११ गते धर्ना, विरोध प्रदर्शन सभालगायतमा

# आइएलओ महासन्धि नं. १६९ सम्बन्धी अन्तरक्रिया

**ललितपुर**/२२ औं अन्तर्राष्ट्रिय आदिवासी जनजाति दिवसको अवसरमा आइएलओ महासन्धिसम्बन्धी राष्ट्रिय कार्ययोजनाको मस्यौदा कार्यान्वयन सम्बन्धमा विभिन्न सरकारी निकाय, आदिवासी जनजाति अधिकारकर्मी तथा सांसद्वीच २०७३ साउन २४ गते आयोगको सभाहलमा छलफल भएको थियो ।

कार्यक्रममा आयोगका माननीय अध्यक्ष्य अनूप राज शर्माले कार्ययोजनाका कतिपय पक्ष कार्यान्वयन भएको भए पनि मस्यौदा मन्त्रिपरिषद्मा पुगेर थन्क्याइनु दुःखद भएको बताउनुभयो । संविधान, कानुनको कार्यान्वयन गर्ने मानसिकता सरकारमा हुनुपर्ने, मातृभाषामा शिक्षा लिन पाउने अधिकारको कार्यान्वयन गरिनुपर्ने तथा आयोग नेपालका सबै जात, जाति, भाषाभाषी, धर्म, संस्कृतिका अधिकारप्रति सचेत रहेको बताउँदै यसका लागि सम्बन्धित सबै पक्षको सहयोग आवश्यक रहेकोमा उहाँको जोड थियो ।

कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै आयोगका माननीय सदस्य मोहना अन्सारीले विगत लामो समयदेखि राष्ट्रिय मानव अधिकार आयोग यस विषयमा छलफल चलाउँदै आएको, नेपाल सरकारले मानव अधिकारका विषयमा गरेका प्रतिबद्धताहरूलाई विभिन्न घरेलु कानुनमार्फत प्रभावकारी रूपमा लागू गर्नुपर्ने बताउनुभयो ।

बालबालिकाको प्रयोग गर्न नपाईने भनिए पनि विगत केही समयदेखि त्यस्ता कार्यक्रमहरूमा बालबालिकाको प्रयोग बढ्दै गएको प्रति राष्ट्रिय मानव अधिकारको गम्भीर ध्यानाकर्षण भई बन्द, हड्तालजस्ता कुनै पनि कार्यक्रममा बालबालकि प्रयोग नगर्न आग्रह

- मिति २०७२/११/२७ गते मानव बेचबिखनसम्बन्धी आलेख अनुमोदनको लागि प्रक्रिया अगाडि बढाई सिफारिस गराउन महिला तथा बालबालिका बेचबिखनविरुद्ध सहकर्मी समूहद्वारा आयोगको ध्यानाकर्षण
- मिति २०७३/४/७ गते कुनै पनि राजनीतीक कार्यक्रम सञ्चालन गर्दा बालबालिकाको पक्षबाट सोच्न, विद्यालयहरूलाई निर्विवाद रुपमा सञ्चालन गर्न, रोकटोक नगर्न, विद्यालय नै बन्द गरी सभा, कार्यक्रमरु आयोजना गर्नु, सभामा विद्यालयका सवारी साधनहरू प्रयोग गरिनुको सट्टा वैकल्पिक उपाय अवलम्बन गर्न र विद्यालयका बसहरू लक्षित गरी भएको आगजनीप्रति आयोगको ध्यानाकर्षण भई घटनाका दोषी पहिचान गरी कानुनबमोजिम कारबाही गर्न आग्रह
- हराएका, फेला परेका बालबालिकाको फोटो सहितको विवरण नेपाल प्रहरीको वेवसाइडमा missing and found child पृष्ठमा राख्ने कार्यलाई व्यबस्थित गर्न आयोगले निर्देशन दिएको र सो बमोजिमको कार्य भइरहेको
- सञ्चारमाध्यममा निजी विद्यालयका सवारी साधनहरू राजनीतिक सभाका कार्यक्रमहरूमा सहभागी गराउन आफ्ना कार्यकर्ताहरू ओसारपसार गरेको, इटहरीमा आयोजित सडक सभामा सहभागी हुन विराटनगरबाट आएका नयाँ शक्तिका समर्थकहरूले निजी विद्यालयका विद्यार्थी बोक्ने बस प्रयोग भएको, विद्यार्थीमात्र बोक्ने सङ्केत बुझाउने पहेंलो रङको स्कुल बसलाई नयाँ शक्ति नेपालको झण्डाले घेरिएको भन्ने समाचारप्रति आयोगले अनुगमन गरी त्यस्ता कार्य रोक्न सम्बन्धित राजनितिक दललाई अनुरोध गरिएकोमा आगामी दिनमा यस्तो हुन नदिने घटनाको समिति गठन गरी छानबिन भइरहेको जानकारी प्राप्त
- नेत्रविक्रम चन्द बिप्लव नेतृत्वको नेकपा माओवादीले आफ्नो आन्दोलनमा शान्तिक्षेत्र मानिएका बालबालिका र विद्यालयको व्यापक दुरुपयोग, जुलुसमा बालबालिकाहरूलाई जर्बजस्ती विद्यालय पोशाक र झोलासँगै सहभागी गराएको समाचारप्रति आयोगको ध्यानाकर्षण भई सो कार्य तत्काल बन्द गर्न अनुरोध गरिएको
- शङ्खमूलस्थित केएमसी विद्यालयमा बालिकाहरूलाई शिक्षकद्वारा पिटिएको भनिएको घटनाका सम्बन्धमा आयोगबाट अनुगमन गरी आवश्यक कारबाहीसहित बालबालिकाहरूलाई मनोसामाजिक परामर्शसेवा उपलब्ध गराउन निर्देशन दिइएको
- जिल्ला सुर्खेत गुटु गाविस निवासी वर्ष १५ का बालकलाई मिति २०७३/०१/१२ गते पक्राउश्चात् कुटपीट गरी शारिरिक यातना दिएको, जुत्ताको माला लगाई बजार घुमाई अमानवीय तथा अपमानजनक व्यवहार गरेको भनिएको घटनाको अनुगमन गरी प्रहरीलाई प्रभावकारी अनुसन्धान गर्न आग्रह
- सशस्त्र द्वन्द्वको समयमा मारिएका व्यक्तिसँग आश्रित बालबालिकाहरूको लागि निःशुल्क शिक्षा प्रदान गर्न नेपाल सरकारलाई सिफारिस
- २०७३/२/३० गते समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका CWISH बाट नेपालले अन्तर्राष्ट्रिय समुदायसमक्ष गरेको प्रतिबद्धता र राष्ट्रिय कानुन बालबालिकासम्बन्धी ऐन २०४८, बालश्रम नियमित तथा निषेध गर्ने ऐन २०५६ विपरीत बालबालिका बाल श्रम शोषणको चपेटामा परिरहेको तथा नेपालमा अझै पनि १६ लाखभन्दा बढी बालबालिका बाल श्रमको चपेटामा पर्नु दुःखद् पक्ष भएको जानकारीप्रति तत्काल आयोगबाट सरोकारवाला निकायलाई कार्यान्वयनको लागि पहल
- मिति २०७३/२/२० गते साइभाक र महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयको आयोजनामा काठमाडौंमा दक्षिण एसियाका सरोकारवाला निकायहरूको सहभागितामा बाल विवाह अन्त्यको लागि दुई दिने कार्यशाला गोष्ठीमा आयोगका माननीय अध्यक्ष र माननीय सदस्यबाट निराकरणको लागि सबैले संयुक्त पहल गर्नुपर्नेमा जोड
- मिति २०७३/४/३२ सिजपको आयोजनामा ललितपुरमा बाल अधिकार-सम्बन्धी युपिआरका सुझावहरू र बाल अधिकार समितिले दिएका सुझावहरू कार्यान्वयनको लागि कार्ययोजनार्थ आयोगको सहभागितामा एक कार्यदलसमेत निर्माण

**सुझावहरू**

राष्ट्रिय मानव अधिकार आयोगले नेपाल सरकारलाई बाल अधिकार सम्बन्धि विभिन्न मुद्दामा तथा नीतिगत सिफारिश गरेको छ । बाल अधिकार संरक्षण र सम्बर्द्धनको लागि उक्त सिफारिशहरू कार्यान्वयन गर्नु नेपाल सरकारको दायित्व हुन आउँदछ ।

नेपालको संबिधानले बालबालिकाको पहिचानको अधिकारको सुनिश्चितता गरे तापनि बालबालिकाहरू आफ्नो पहिचानको अभावमा सरकारी सेवासुविधा लिनबाट कतिपय अवस्थामा वञ्चित भएको देखिएकोले निजहरूलाई तत्काल पहिचानसहितको अधिकार उपलब्ध गराइनुपर्दछ ।

बालअधिकारको व्यावहारिक कार्यान्वयनका सन्दर्भमा राज्यको मुख्य रुपमा सम्मान संरक्षण तथा परिपूर्तिको दायित्व रहेको हुन्छ । सम्मानको दायित्वमा राज्यले कुनै पनि नीति, नियम, ऐन कानुन तथा कार्यक्रमहरूको निर्माण तथा कार्यान्वयन गर्दा बालबालिकाको सर्वोत्तम हितलाई ध्यानमा राख्नुपर्दछ ।

बाल अधिकारको कार्यान्वयनको सन्दर्भमा राज्यले देशभित्र र बाहिरका कुनै पनि गैरराज्यपक्षहरू, जस्तै व्यवसायिक संस्था, गैरसरकारी निकायहरू, विद्यालय, परिवार, धार्मिक, साँस्कृतिक, राजनीतिक तथा सामुदायिक संघसंगठन जस्ता निकायहरूबाट आफ्नो कार्यहरू गर्ने क्रममा बालबालिकाको तोकिएका अधिकारहरू हनन नहोस् भन्ने कुराको सुनिश्चित गर्नु र त्यस्तो गरेको पाइएमा कानुनी कारवाही तथा न्यायिक प्रक्रियाअन्तर्गत ल्याई उचित दण्ड, न्याय तथा क्षतिपूर्तिको व्यवस्था गर्ने संरक्षणको दायित्व हो। राज्यको परिपूर्तिको दायित्व भनेको बाल अधिकारसम्बन्धी महासन्धि तथा राज्यका कानुनहरूले निर्दिष्ट गरेका अधिकार प्राप्ति, उपभोग र लाभान्वित हुनका लागि सबै बालबालिकाहरूसम्म अवसरहरूको पहुँच र उपलब्धता सुनिश्चित गर्नु हो। विशेषत: शिक्षा, स्वास्थ्य, विकास, खेल र मनोरञ्जन जस्ता सामाजिक, आर्थिक र साँस्कृतिक अधिकारहरूको लागि राज्यका निकायहरूले बालबालिकालाई सेवा उपलब्ध गराउने दायित्व पर्दछ।

समय समयमा संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार समितिले राज्यले बुझाएका आवधिक प्रतिवेदनको अधारमा बालअधिकारको अवस्थालाई सुदृढ गर्नका लागि राज्यलाई महत्त्वपूर्ण सुझावहरू दिएको हुन्छ। यस्ता सुझावहरू सम्बन्धित राज्यले प्रभावकारी रुपमा कार्यान्वयन गर्ने दायित्व र हुन्छ। यस सम्बन्धमा सम्बन्धित सरोकारवाला निकायले प्रभावकारी संयन्त्र मार्फत ती सुझाव तथा सिफारिस कार्यन्वयन गर्नुपर्दछ। साथै सुझावहरू स्थानीय भाषामा अनुवाद गरी जनसमक्ष सार्वजनिक गरी पुऱ्याउनुपर्ने दायित्व राज्यको हुन आउँदछ।

**– प्रस्तुति: मन्जु खतिवडा (मा.अ.अधिकृत)**

## दलित समुदायका कानून व्यवसायीहरूको राष्ट्रिय सम्मेलन



राष्ट्रिय दलित आयोग र समावेशी फाउण्डेशनको आयोजना तथा कानूनी शासन तथा मानव अधिकार संरक्षण प्रणाली सवलीकरण कार्यक्रमको साझेदारीमा २०७३ भदौ २४ र २५ गते "दलित समुदायसम्बन्धी संवैधानिक तथा कानुनी व्यबस्थाहरुको प्रभावकारी कार्यान्वयनका सन्दर्भमा दलित समुदायका कानुनव्यवसायीहरुको राष्ट्रिय सम्मेलन" विषयक कार्यक्रममा आयोगका माननीय सदस्य श्री प्रकाश वस्तीले विशिष्ट अतिथिको रूपमा आतिथ्यता गर्नुभएको थियो। उहाँले दलित समुदायको समस्या कानुनी नभइ सामाजिक भएकोले दलितहरुको जीवनस्तर आर्थिक र शैक्षिक रूपले माथि नउठाइकन समस्याको समाधान नहुने बताउनुभयो। कानुनी व्यवस्था छ तर त्यसको प्रभावकारी कार्यान्वयनका लागि सामाजिक सचेतना र दलितहरुको समग्र स्तरवृद्धि नगरिएसम्म कानुनले मात्र समाधान नहुनेमा उहाँले जोड दिनुभयो।

## उपभोक्ता अधिकार सम्बन्धमा छलफल

**ललितपुर**/राष्ट्रिय मानव अधिकार आयोगले उपभोक्ता मानव अधिकारको अनुगमन मार्गनिर्देशिका जारी गरेको ५ वर्ष पुगेको अवसरमा एक छलफल कार्यक्रम आयोजना गऱ्यो। कार्यक्रममा उपभोक्ता मानव अधिकारको संरक्षण र प्रवर्द्धनका लागि हालसम्म गरेका कार्यहरू, मार्गनिर्देशिकाको कार्यान्वयनको अवस्थाका सम्बन्धमा सरोकारवालाहरूलाई जानकारी एवम् समीक्षा गरिएको थियो। आयोगका अध्यक्ष अनूप राज शर्माले मन्तव्य राख्दै उपभोक्ता अदालत गठन नहुञ्जेल अहिलेको संरचनाले मात्र काम गर्न नसक्ने हुनाले संयत्रको निमार्ण हुनुपर्ने तथा उपभोक्ता अधिकारको संरक्षण र कानुन कार्यान्वयनका लागि सरकारका निकायहरूले समन्वय गर्नुपर्ने धारणा राख्नुभयो। भ्रमात्मक सूचना र विज्ञापन दिनेलाई कानुनबमोजिम कारबाहीको दायरामा ल्याउन सके उपभोक्ताको अधिकार संरक्षण हुने कुरामा जोड दिनुभयो। कार्यक्रममा उपभोक्ता मानव अधिकारको संरक्षणको जिम्मेवार नेपाल सरकारका निकायहरूबाट भए-गरेका कार्यहरूका सम्बन्धमा जानकारीसमेत लिइएको थियो।

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका सचिव चन्द्रकुमार घिमिरे, , प्रेस काउन्सिलका अध्यक्ष वोर्णबहादुर कार्की, उपभोक्त हित अधिकार मञ्च नेपालका अध्यक्ष ज्योति बानियाँ, आपूर्ति मन्त्रालयका सचिव श्रीधर सापकोटा लगायतका वक्ताहरूले उपभोक्ता अधिकार संरक्षणमा भएको प्रयास र

## मानव अधिकारसम्बन्धी तालिम सम्पन्न

**धनगढी** / शसस्त्र प्रहरी बल वैद्यनाथ बाहिनी अत्तरिया कैलालीको आयोजनामा मानव अधिकारसम्बन्धी तालिम सम्पन्न भएको थियो। राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय धनगढीका निमित्त निर्देशक मोहनदेव जोशीले मानव अधिकारको अवधारणा, विकास र संयुक्त राष्ट्रसङ्घको मानव अधिकार संरक्षणसम्बन्धी संयन्त्रको बारेमा जानकारी गराउनुभएको थियो। तालिममा मानव अधिकारको संरक्षणमा प्रहरीको भूमिका तथा प्रहरीले मानव अधिकारको संरक्षणमा भोग्नुपरेका विविध व्यवहारिक समस्याको सम्बन्धमा समेत चर्चा भएको थियो। तालिमको सहजीकरण गर्दै जोशीले सहभागीहरूबाट उठेका प्रश्नहरूको जवाफ दिनुभएको थियो। तालिममा प्रहरी अधिकृत तथा जवानहरू गरी ४० जनाको उपस्थिति रहेको थियो।

## अस्पताल अनुगमन

**खोटाङ**/राष्ट्रिय मानव अधिकार आयोग उपक्षेत्रीय कार्यालय खोटाङले मिति २०७३ भदौ १२ गते जिल्ला अस्पताल खोटाङको अनुगमन गरेको छ। नेपाल सरकारले नागरिकलाई उपलब्ध गराएको स्वास्थ्य सेवामा सरकारले तोकेबमोजिमका औषधीका विषयमा सर्वसाधारणको पँहुच, औषधी, उपकरण तथा औजारहरूको पर्याप्तताका विषयमा अनुगमन गरेको हो। अनुगमन टोलीले अस्पतालका प्रमुख डा. रामबहादुर केसी, बिमारी र सेवाग्राहीसँग भेटघाट एवम् छलफल गरेको थियो। अनुगमनका क्रममा अस्पतालमा पर्याप्त औषधी नभएको, मेसिन औजार तथा उपकरणको अभावमा पर्याप्त सेवा प्रवाह गर्न नसकिएको, वर्षाका कारण स्वास्थ्य संस्थाहरूमा औषधी ढुवानी गर्न असहज भएको पाइएको छ।

# कानुनको शासन र मानव अधिकारको लागि प्रधानमन्त्रीलाई पत्र

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

च.नं २१८ मिति : २०७३।५।७

सम्माननीय प्रधानमन्त्रीज्यू

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय

सिंहदरबार, काठमाडौं ।

**विषय: कानूनको शासन र मानव अधिकारको सम्मानको लागि आग्रह ।**

सम्माननीय महोदय,

नेपालको संविधानको धारा २४९ को उपधारा १ ले मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नुपर्ने संवैधानिक कर्तव्य यस आयोगको भएको र नेपाल सरकार र तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का विच भएको विस्तृत शान्ति सम्झौता २०६३ ले सशस्त्र द्वन्द्वका समयमा मानव अधिकारको गम्भीर उल्लंघन गर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्नहरुको बारेमा सत्य अन्वेषण गर्न उच्चस्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोगको गठन गरिने सहमति भएको हो । साथै सो सम्झौताले दण्डहीनतालाई प्रश्रय नदिने सुनिश्चितता समेत प्रदान गरेको छ । यस आयोगलाई विशेष रुपमा सुम्पेको जिम्मेवारी अनुरुप आयोगले निरन्तर आफ्नो कार्य सम्पादन गरिरहनुको साथै सशस्त्र द्वन्द्व कालका मानव अधिकार उल्लंघनका विषयहरु र संक्रमणकालीन न्याय सम्बन्धमा विस्तृत शान्ति सम्झौता अनुरुप पनि निरन्तर अनुगमन तथा अनुसन्धान गरी पीडितलाई क्षतिपूर्ति र दोषीलाई कारवाही गर्न भनी नेपाल सरकारलाई सिफारिस हुँदै आएको सन्दर्भ सम्माननीयज्यूलाई अवगत नै भएको विषय हो ।

कानूनको शासन, मानव अधिकारको आधारशिला भएकोले विगतमा यस आयोगबाट भएका सिफारिसहरुको समयमै पूर्ण कार्यान्वयन हुन अत्यन्त आवश्यक छ । मानव अधिकारको पूर्ण सम्मानबाट मात्रै दीर्घकालीन शान्ति सम्भव हुने भएको र विस्तृत शान्ति सम्झौताको मर्म र भावनलाई समेत आत्मसात गरी सशस्त्र द्वन्दका क्रममा भएका मानव अधिकारको गम्भीर उल्लंघन तथा मानवता विरुद्धको अपराध सम्बन्धी घटना र ती घटनामा संलग्न व्यक्तिहरुको बारेमा सत्य अन्वेषण तथा छानविन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन, समाजमा मेलमिलाप गराई पारस्परिक सद्भाव तथा सहिष्णुताको भावना अभिवृद्धि गर्दै दिगो शान्ति र मेलमिलापको वातावरण निर्माण गर्न, सो घटनाबाट पीडित व्यक्तिलाई परिपूरणको व्यवस्था लगायत गम्भीर मानव अधिकार अपराधमा संलग्न व्यक्तिहरुलाई कानूनी कारवाहीको लागि सिफारिस गर्ने उद्देश्यले बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोग समेत गठन भई कार्य शुरु गरिरहेको अवस्था छ ।

मानव अधिकारको गम्भीर उल्लंघनमा आम माफी नहुने भनी सम्माननीयज्यूको अभिव्यक्ति सार्वजनिक भईरहेको प्रति आयोगको ध्यानाकर्षण भएको छ । गोरखा जिल्ला फुजेल गाविस वडा नं. ७ निवासी गंगामाया अधिकारी आफ्नो छोरा



राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

कृष्णप्रसाद अधिकारीलाई सशस्त्र द्वन्द्वको अवधिमा २०६१ जेठ २४ गते तत्कालीन ने.क.पा. (माओवादी) का कार्यकर्ताहरूले नियन्त्रणमा लिई हत्या गरेको भनिएको घटनासम्बन्धमा दोषीलाई कानुनी कारवाहीको माग गर्दै लामो समय देखि आमरण अनसनमा बस्दै आउनुभएको र निजका पति नन्दप्रसाद अधिकारीको आमरण अनसनकै क्रममा करीव दुई बर्ष अघि मृत्यु भैसकेको तर अझै पनि निजको धर्म संस्कृति अनुरुप लासको सदगत हुन नसकेको अवस्थाप्रति आयोग गम्भीर छ । यसै बीचमा सम्मानित सर्वोच्च अदालतबाट २०७२ साल पुषमा निजको छोरा कृष्णप्रसाद अधिकारीको हत्याको आरोपीलाई थुनामानै राखी मुद्दाको पुर्पक्ष गर्नु भनी भएको आदेश आजसम्म पनि कार्यान्वयन हुन नसकेको कारण देखाई आमा गंगामाया अधिकारीले पुन: आमरण अनसन शुरु गर्नुभएको सम्माननीयज्यूलाई अवगत नै भएको हुनुपर्दछ । राष्ट्रिय मानव अधिकार आयोगले पनि उक्त घटनाको निरन्तर नजिकबाट अनुगमन गरिरहेको छ । आयोगले उक्त घटनाको अनुसन्धान गरी दोषी उपर फौजदारी अभियोगमा कारवाही चलाउन र पीडित परिवारलाई क्षतिपूर्ति दिन २०६५ चैत्र २३ गते नेपाल सरकारलाई सिफारिस गरेको थियो । नेपाल सरकार वादी भई मुद्दा पनि चलेको हो र सोही मुद्दाको सिलसिलामा सर्वोच्च अदालतको माथि उल्लेखित आदेश भएको हो तर अदालतको आदेश बमोजिम हत्याका आरोपीलाई सम्बन्धित प्रहरी प्रशासनबाट पक्राउ गरी थुनामा राख्नुपर्नेमा त्यसतर्फ कुनै पनि सार्थक प्रयाससम्म पनि भएको देखिन आएन । सम्मानित सर्वोच्च अदालतको आदेश कार्यान्वयन गर्न प्रहरी प्रशासनको उदासिनताबाट मानव अधिकार उल्लंघनका घटनाका पीडित तथा परिवारजनहरुमा कानूनको शासन र मानव अधिकारको सम्मानप्रति संशय र निराशा बढ्दै जाने देखिन्छ । यस्तो अवस्था भनेको विस्तृत शान्ति सम्झौताको मर्म, भावना र प्रतिवद्धता विरुद्ध रहेको देखिन आएको छ ।

मानवअधिकार र कानूनको शासनप्रति संशय र बढ्दो निराशा कुनैपनि राजनीतिक दल, सरकार र सिङ्गो समाजको लागि हितकर हुन नसक्ने प्रति सम्माननीयज्यू स्वयं सचेष्ट नै हुनुहुन्छ भन्ने विश्वास छ । तसर्थ, नेपाल सरकारले आयोगद्वारा सिफारिश गरिएका मानव अधिकार उल्लंघनका विषयहरुमा दोषीलाई कारवाही हुने तर्फको सिफारिसहरु पूर्ण कार्यान्वयन हुन नसक्दा मानव अधिकारको गम्भीर उल्लंघन हुन गएको र पीडितको न्याय पाउने अधिकार संरक्षण नभई दण्डहीनताले प्रश्रय पाउने हुनाले सम्माननीयज्यूबाट यसमा हस्तक्षेपकारी भूमिका ग्रहण होस भन्ने आग्रह रहेको छ । राष्ट्रिय र अन्तर्राष्ट्रिय मानव अधिकार कानूनद्वारा प्रदत्त छिटो र स्वच्छ न्याय पाउने अधिकारबाट कसैलाई पनि वञ्चित गर्न नहुने तथा छिटो छरितो न्याय प्राप्त भएमा मात्रै मानव अधिकारको संरक्षण र सम्मान हुने तथा अन्तर्राष्ट्रिय जगतमा समेत नेपालको स्वच्छ छवि कायम रहनेमा आयोग विश्वस्त छ ।

अनूप राज शर्मा

अध्यक्ष

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: ww.nhrcnepal.org

## गंगामायाको स्वास्थ्य अवस्था अनुगमन

**काठमाडौं**/न्याय प्राप्तिको आधारभूत विषयलाई लिएर वीर अस्पतालमा अनसनरत गंगामाया अधिकारीको स्वास्थ्य अवस्थाप्रति राष्ट्रिय मानव अधिकार आयोगको अनुगमन टोली वीर अस्पतालमा पुगेको थियो । आयोगका माननीय सदस्य सुदिप पाठकको नेतृत्वमा मानव अधिकार अधिकृतहरुको टोलीले आज निजको स्वास्थ्य अवस्था सम्बन्धमा अस्पतालका निमित्त निर्देशक डा.भुपेन्द्रकुमार बस्नेत र डा.मनिन गोर्खालीसँग छलफलसमेत गऱ्यो ।

छलफलका क्रममा गंगामायाको स्वास्थ्य अवस्था स्थीर रहेको भनिए पनि निजको अवस्था कमजोर बन्दै गएको आयोगको अनुगमनबाट पाइएको छ । अनसनको ३२ औं दिन निजलाई दुइ दिनदेखि ज्वरो आइरहेको, बोल्न समस्या भएको, खुट्टामा रक्त सञ्चार नभएको कारण उनलाई जुनसुकै समयमा पनि मुटुमा आक्रमण गर्न सक्ने उपचारमा संलग्न चिकित्सकहरुको भनाइ रहेको छ ।

राष्ट्रिय र अन्तर्राष्ट्रिय मानव अधिकार कानुनद्वारा प्रदत्त छिटो र स्वच्छ न्याय पाउने अधिकारबाट कसैलाई पनि वञ्चित गर्न नहुने समयमै न्याय प्राप्त भएमा मात्रै मानव अधिकारको संरक्षण र सम्मान हुने आयोगको धारणा रहेको छ ।



## मानव अधिकार उल्लङ्घनसम्बन्धी कुनै पनि घटनाका बारेमा राष्ट्रिय मानव अधिकार आयोगमा उजुरी गरौं ।

### उजुरी दर्ता गराउँदा कुनै दस्तुर लाग्दैन ।

उजुरी कुनै पनि भाषामा लिखित वा मौखिक रूपमा दिन सकिने छ ।

मानव अधिकार उल्लङ्घनकर्तालाई कानुनी कारबाही गराउन र पीडितलाई क्षतिपूर्ति दिलाउन आयोगले पहल गर्नेछ ।

**उजुरी दिने ठेगाना:**

**राष्ट्रिय मानव अधिकार आयोग**

केन्द्रीय कार्यालय, हरिहरभवन, पुल्चोक ललितपुर, नेपाल

फोन: ०१ ५०१००१५ हटलाइन ०१ ५०१००००

इमेल:complaints@nhrcnepal.org Website: www.nhrcnepal.org

Facebook:www.facebook.com/National-Human-Rights-Commission-of-Nepal-NHRC-Nepal

Twitter: @NepalNHRC

### क्षेत्रीय कार्यालयहरू

क्षेत्रीय कार्यालय, वरगाछी, विराटनगर,

फोन: ०२१-४६१९३१, ४६१०९३, फ्याक्स: +९७७-२१-४६११००, इमेल:nhrcbrt@nhrcnepal.org

क्षेत्रीय कार्यालय, जनकपुर,

फोन: ०४१-५२७८११, ५२७८१२ फ्याक्स: +९७७-४१-५२७२५०इमेल:nhrcjnk@nhrcnepal.org

क्षेत्रीय कार्यालय, पोखरा,

फोन: ०६१-४६२८११, ४६३८२२, फ्याक्स: ९७७-६१-४६५०४२, इमेल:nhrcpkr@nhrcnepal.org

क्षेत्रीय कार्यालय, नेपालगञ्ज,

फोन: ०८१-५२६७०७, ५२६७०८, फ्याक्स: ९७७-८१-५२६७०६, इमेल:nhrcnpj@nhrcnepal.org

क्षेत्रीय कार्यालय, धनगढी,

फोन: ०९१-५२५६२१, ५२५६२२, फ्याक्स: ९७७-९१-५२५६२३, इमेल:nhrcdhn@nhrcnepal.org

### उप-क्षेत्रीय कार्यालयहरू

जुम्ला, खलङ्गा, फोन: ०८७-५२०२२२

खोटाङ, दिक्तेल, फोन: ०३६-४२०२८४

रुपन्देही, बुटवल, फोन: ०७१-५४६९११

**मानव अधिकार पत्र प्रकाशन समिति**

संयोजक: कोषराज न्यौपाने

सदस्यहरू: श्रीराम अधिकारी, हरिप्रसाद ज्ञवाली, कैलाशकुमार सिवाकोटी, सुवोध पोखरेल, दुर्गा पोखरेल

मुद्रण: सिमोन प्रिन्टर्स एण्ड ट्रेडर्स, काठमाडौं, फोन: ०१-५२६००३०